# वार्षिक प्रगति प्रतिवेदन
# आ.व. २०७२/०७३

## १. बोर्डको संक्षिप्त परिचय

### १.१ गठन

राष्ट्रियस्तरमा दुग्ध व्यवसाय सम्वन्धी नीति निर्माण तथा तत्सम्वन्धी विकास योजना तर्जुमा गर्ने निकायको रुपमा राष्ट्रिय दुग्ध विकास बार्ड ऐन, २०४८ द्वारा अविछिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्थाको रुपमा बोर्डको गठन गरिएको हो ।

### १.२ लक्ष्य

दूग्ध क्षेत्रको विकास तथा प्रवर्द्धन गर्नको लागि नेपाल सकारलाई उपयुक्त नीति निर्माण गर्न सुझाव दिनु नै बोर्डको प्रमुख लक्ष्य रहेको छ ।

### १.३ उद्देश्य

राष्ट्रिय दुग्ध विकास बार्ड ऐन, २०४८ अनुसार बोर्डका उद्देश्यहरु निम्न वमोजिम रहेको छः

(१) राष्ट्रियस्तरमा दुग्ध व्यवसाय सम्वन्धी नीति निर्माण र तत्सम्वन्धी विकास योजना तर्जूमाको लागि नेपाल सरकारलाई आवश्यक सहयोग पुर्‍याउने ।

(२) दुग्ध उद्योगको विकास गर्ने, गराउने ।

(३) दुग्ध विकासको लागि पशु विकास र पशु स्वास्थ्य क्षेत्रमा देखापरेका समस्याहरुको निराकरणका उपायहरु पत्ता लगाउने ।

(४) देश भित्रका सम्पूर्ण निजी र सरकारी क्षेत्रका दुग्ध व्यवसायीहरु बीच सामञ्जस्य स्थापना गर्ने, गराउने ।

(५) दुग्ध विकास सम्वन्धी अध्ययन तथा अनुसन्धान गर्ने,गराउने ।

(६) पशु चरनको प्रवन्ध गर्ने, गराउने ।

### १.४ काम, कर्तव्य र अधिकार

बोर्डको काम, कर्तव्य र अधिकार देहाय वमोजिम तोकिएको छ ।

(१) दूध तथा दुग्ध पदार्थहरु र पशु आहाराको उत्पादन एवं प्रवर्द्धनको लागि आवश्यक हुने पदार्थहरुको आयात तथा उत्पादित दूध तथा दुग्ध पदार्थहरु र पशु आहाराको निर्यात सम्वन्धी नीति तर्जूमा गरी नेपाल सरकार समक्ष सिफारिस गर्ने र पारित नीति कार्यान्वयन गर्ने,गराउने ।

(२) दूधको मूल्य निर्धारण गर्ने नीति तर्जुमा गरी नेपाल सरकार समक्ष सिफारिस गर्ने ।

(३) दुग्ध व्यवसाय सम्वन्धमा उत्पादक तथा उपभोक्ताहरुको हितको लागि नेपाल सरकारलाई आवश्यक सुझाव दिने ।

(४) सहकारीको माध्यमवाट दुग्ध व्यवसायको विकास गर्न प्रोत्साहन गर्ने, गराउने ।

(५) दुग्ध उद्योगहरुको दर्ता गर्ने, गराउने ।

(६) दुग्ध उद्योगको लागि आवश्यक स्वदेशी तथा विदेशी सहायता अनूदान तथा ऋणको व्यवस्था तथा परिचालन गर्ने, गराउने ।

(७) दुग्ध उद्योगको स्थापना, सूधार, प्रवर्द्धन तथा संरक्षण गर्न प्राविधिक सहयोग उपलब्ध गर्ने, गराउने ।

(८) दुग्ध उद्योग सम्वन्धी अन्य आवश्यक कार्य गर्ने, गराउने ।

## १.५ संगठनात्मक संरचना

बोर्डको ऐनले नै बार्डको संगठनात्मक संरचना र वित्तिय एवं कर्मचारी सम्वन्धी नियम तथा प्रक्रियाहरु तोकेको छ । बोर्ड ऐन, २०४८ को दफा ७ (२) ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारबाट राष्ट्रिय दुग्ध विकास बार्डको कार्यकारी समिति(अनुसूची-१) देहाय वमोजिम गठन गरिएको छ ।
बोर्डको संगठनात्मक संरचना निम्न अनुसार रहेको छ ।

| | | |
|---|---|---|
| १. | माननीय पशुपंक्षी विकास मन्त्री | अध्यक्ष |
| २. | सचिव, पशुपंक्षी विकास मन्त्रालय | उपाध्यक्ष |
| ३. | प्रतिनिधि, (सह सचिव स्तर)अर्थमन्त्रालय | सदस्य |
| ४. | महानिर्देशक, पशुसेवा विभाग | सदस्य |
| ५. | महानिर्देशक, खाद्यप्रविधि तथा गुण नि. विभाग | सदस्य |
| ६. | रजिष्टर, सहकारी विभाग | सदस्य |
| ७. | महाप्रबन्धक, दुग्ध विकास संस्थान | सदस्य |
| ८. | केन्द्रीय दु.उ.स.संघ लि.,का निर्वाचित दुग्ध उत्पादक कृषक प्रतिनिधि कम्तीमा १ महिला सहित २ जना | सदस्य |
| ९. | निजी डेरी एशोसिएशनका निर्वाचित डेरी व्यावसायी प्रतिनिधि २ जना | सदस्य |
| १०. | निजी सरकारी साझेदारीमा संचालित ठूला (१०० भन्दा बढी गाई भैसी पालन गर्ने) कृषि फारम मध्येबाट समितिको अध्यक्ष बाट मनोनित १ जना | सदस्य |
| ११. | प्रतिनिधि, नेपाल उद्योग वाणिज्य महासंघ | सदस्य |
| १२. | पशुपालन वा पशु चिकित्सा वा दुग्ध प्रविधि विषयमा स्नातकोत्तर उपाधी गरी ति मध्ये कुनै एक क्षेत्रमा काम गरी कम्तीमा १० वर्षको अनुभव हासिल गरेका विषय विशेषज्ञ, मनोनित १ जना | सदस्य |
| १३. | कार्यकारी निर्देशक, राष्ट्रिय दुग्ध विकास बार्ड | सदस्य-सचिव |

**१.५.१ कार्यकारी समितिको काम कर्तव्य र अधिकार**
ऐनद्वारा समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम तोकिएको छ:

(१) राष्ट्रिय दुग्ध विकास बोर्ड ऐन र यस ऐन अन्तर्गत वनेको विनियमको अधिनमा रही बोर्डले गर्नू पर्ने सम्पुर्ण काम कार्यवाही, अधिकारहरुको प्रयोग तथा कर्तव्यको पालन गर्नु समितिको कर्तव्य हुने छ ।

(२) समितिले आफ्नो अधिकार आवश्यकता अनुसार अध्यक्ष, सदस्य-सचिव वा बोर्डको कुनै अधिकृतलाई सुम्पन सक्ने छ ।

**२. बार्डको आन्तरिक संरचना**
बार्डका कार्यहरु प्रभावकारी रुपले सम्पादन गर्न निम्न वमोजिम चार शाखाहरु (अनुसूची-२) को व्यवस्था गरिएको छ । यसरी नै वोर्डको कार्यक्रम सम्पादन गर्न कार्यरत कर्मचारीहरुको विवरण अनुसूची-३ मा रहेको छ ।

**२.१ योजना, अनुगमन तथा मूल्यांकन शाखा**
यस शाखा अन्तर्गत देहायका कामहरु पर्दछन्:

- वोर्ड र दुग्ध विकास सम्वन्धि वार्षिक योजना, कार्यक्रम र वजेट तर्जुमा गर्ने ।
- दुग्ध उद्योगको लागि उपयुक्त आयोजना तयार पार्ने ।
- दुग्ध सहकारी, दुग्ध उद्योग तथा सरकारी दुग्ध उद्योगको अनुगमन तथा मूल्यांकन गर्ने ।
- दुग्ध सहकारी र निजी दुग्ध उद्योगहरुको तथ्यांक संकलन एवं विश्लेषण गर्ने ।
- राष्ट्रिय दुग्ध सूचना प्रणालीको व्यवस्था गर्ने ।

**२.२ परियोजना व्यवस्थापन, तालीम तथा विस्तार शाखा**
यस शाखा अन्तर्गत देहायका कामहरु पर्दछन्:

- दुग्ध विकास सम्वन्धी गतिविधिहरुको प्रचार प्रसार गर्ने ।
- दुग्ध प्रसार कार्यक्रम पहिचान गर्ने, गराउने ।
- आयोजनाहरु कार्यान्वयन गर्ने ।
- व्यावसायिक योजना तयार पार्न परार्मश सेवा प्रदान गर्ने ।
- तालिमको पहिचान, तालिमको पाठयक्रम परिमार्जन गरि कार्य गर्ने ।
- कार्यशाला गोष्ठी तर्जुमा तथा संचालन गर्ने, गराउने ।
- अध्ययन भ्रमणको व्यवस्था गर्ने, गराउने ।

**२.३. दुग्ध प्रविधि तथा वजार व्यवस्थापन शाखा**
यस शाखा अन्तरगत देहायका कामहरु पर्दछन्:

- दूध तथा दुग्ध विकास सम्वन्धी सम्भाव्यता अध्ययन गर्ने ।
- दूधको खरीद विक्री तथा दुग्ध पदार्थको आयात निर्यात सम्वन्धी नीति तर्जूमा गर्ने ।
- दूध तथा दुग्ध पदार्थहरुको गुणस्तर परिक्षण, विश्लेषण गर्ने ।
- दुग्ध पदार्थको वजार विस्तार, दुग्ध प्रविधिका साथै दुग्ध विकासका विभिन्न पक्षहरुको अध्ययन गर्ने।

- दुग्ध प्रविधि सम्वन्धी सल्लाह र सहयोग प्रदान गर्ने ।
- दुग्ध उद्योग स्थापना, सुधार, प्रवर्द्धन, संरक्षण एवं विस्तारको संभाव्यता अध्ययन गर्ने, गराउने ।

## २.४ प्रशासन शाखा

यस शाखा अन्तरगत सामान्य प्रशासन तथा आर्थिक व्यवस्थापन कामहरु पर्दछन् ।

यस शाखा अन्तरगत देहायका कामहरु पर्दछन:

- वोर्डको लागि जनशक्ति योजना तयार गर्ने ।
- आर्थिक व्यवस्थापन गर्ने ।
- अन्य निकाहरुसंग समन्वय गरी कार्यालय व्यवस्थापन गर्ने ।
- कार्यकारी समितिको बैठक संचालन गर्ने ।
- दुग्ध उद्योगहरुको दर्ता तथा सम्पतिको सूरक्षण गर्ने ।
- वोर्डको ऐन, विनियम, निर्देशिका आदि परिमार्जनको प्रारम्भिक कार्य गर्ने ।

## ३. आ.व. २०७२/७३ को वार्षिक प्रगति प्रतिवेदन

आ.व. २०७२/७३ मा नेपाल सरकारकातर्फवाट यस वोर्डलाई रु ९,४६,९३००० वजेट विनियोजित गरिएको थियो । यस आ.व.मा वार्षिक भारित प्रगति ६९.३० प्रतिशत र वित्तिय प्रगति ६१.५ प्रतिशत हासिल भएको छ ।

### आर्थिक विवरण

(क) बजेट, निकासा र खर्च (रु हजारमा) नेपाल सरकारतर्फ

| क.सं. | विवरण | जम्मा वजेट | जम्मा खर्च | कैफियत |
|---|---|---|---|---|
| १ | चालु वजेट | ९२९९३ | ५६३८४.९७ | बाँकी बजेट ३६६०८.०३ |
| २ | पूंजीगत वजेट | १७०० | १६८५.०९ | १४.९१ |
| | जम्मा वजेट | ९४६९३ | ५८०७०.०६ | |

(ख) बजेट र खर्च (रु हजारमा) आन्तरिक तर्फ

| क.सं. | विवरण | जम्मा वजेट | जम्मा खर्च | कैफियत |
|---|---|---|---|---|
| १ | चालु वजेट | ४४५० | २९९०.१३३ | १४५९.८६ |

(ग) बेरुजु विवरण (रु हजारमा)

| क.सं. | आ.व. | जम्मा बेरुजु | फछ्यौट | कैफियत |
|---|---|---|---|---|
| १ | आ.व. २०७२/७३ | १६२४ | ३२ | १.९७ |

## ४. बोर्डले सम्पादन गरेका कार्यहरु

### ४.१ Sexed Semen खरिद तथा बितरण कार्यक्रम

नेपालमा बिस्तारै दूधको उपभोग बृद्धि भैरहेको सन्दर्भमा दूधको बढ्दो मागलाई पुरा गर्न दूधको उत्पादन बृद्धि गर्नु आवश्यक छ । यसै सन्दर्भमा बोर्डले Denmark बाट ४००० डोज जर्सी तथा ४००० डोज होलस्टिन फिजियन

साँढेको Sexed Semen खरिद गरी राष्ट्रिय पशु प्रजनन् केन्द्र पोखरामार्फत बिक्रि बितरणको व्यबस्था मिलाएको छ ।

## ४.२ तालिम कार्यक्रम

### ४.२.१ मिल्क एनालाईजर मर्मत तालिम

बोर्डबाट दुग्ध उद्योगी/सहकारी संघ/संस्थाहरुमा कार्यरत कर्मचारीहरुको लागि दूधको छरितो गुणस्तर परिक्षणको लागि ४ दिने एक वटा मिल्क एनालाईजर संचालन तथा मर्मत तालिम (अनुसूची ४) बुटवलमा सम्पन्न गरिएको थियो । यस तालिम पश्चात् संचालनका दौरान आउने सामान्य समस्याहरु यथास्थानमा नै समाधान गर्न सहयोग पुग्ने विश्वास लिईएको छ ।

### ४.२.२ चिलिङ भ्याट संचालन तथा मर्मत तालिम

सँकलित दुधको गुणस्तर जोगाइ राख्न दूधमा उपयुक्त चिस्यान कायम राख्नुपर्दछ । उपयुक्त चिस्यानको अभाबमा दूधमा हानीकारक किटाणुको मात्रा बृद्धि हुन गई दूधको गुणस्तर बिग्रने सम्भाबना बढ्ने गर्दछ । यस समस्याको निराकरणको लागि दूधको चिस्यान कायम गर्न चिलिङ भ्याटहरुको प्रयोग भइरहेको छ । चिलिङ भ्याटको उपयुक्त सँचालन तथा मर्मतले मात्र दूधको गुणस्तर कायम गर्न सक्ने कुरालाई ध्यानमा राख्दै यस बोर्डबाट चितवनमा ५ दिने एक वटा चिलिङ भ्याट संचालन तथा मर्मत तालिम (अनुसूची ५) सम्पन्न गरिएको थियो ।

### ४.२.३ गुणस्तरिय चीज उत्पादन तालिम

कम दूध विक्री हुने ठाउँहरुमा वैकल्पिक रुपमा चीज उत्पादन गरी वजारीकरण गर्ने चलन देखिन्छ । परम्परागत रुपमा चीज उत्पादन प्रकृयालाई गुणस्तरीय उत्पादन गर्न चीजको उद्योगहरुबाट तालिम माग भै आएको आधारमा एक वटा तालिम (अनुसूची ६) संचालन गरिएको हो । सो तालिम पूर्वाञ्चल विकास क्षेत्रमा त्यस आसपासका जिल्लावाट चीज उत्पादक दुग्ध उद्योगी/कृषकहरु सहभागी गराई ईलाम जिल्लाको फिक्कलमा ५ दिने तालिम सञ्चालन गरिएको थियो ।

विशेषगरी चीज उत्पादन क्षेत्रमा विद्यमान समस्या तथा चुनौतीहरुको समाधान गर्ने उद्देश्यले यस तालिमको आयोजना गरीएको थियो । यसका साथै चीजको गुणस्तरसँग प्रत्यक्ष सम्बन्ध राख्ने स्वच्छ दूधको उत्पादन तथा सङ्कलन, चीज कारखानाको सरसफाई तथा आरोग्यकरण तथा चीज उत्पादनका लागि उपयोगी तथा हानिकारक सुक्ष्म जीवाणुहरुका साथै विभिन्न किसिमका चीजहरु जस्तै कञ्चन चीज, मोज्जरेल चीज, गौडा चीज, प्रोसेस चीजहरुको उत्पादन विधि र व्हे र त्यसवाट वनाउन सकिन विभिन्न किसिमका दुग्ध पदार्थहरु सम्बन्धी ज्ञान प्रदान गरिएको थियो ।

### ४.२.४ दुग्ध पदार्थ उत्पादन विविधिकरण तालिम

घरेलु, साना तथा मझौला दुग्ध उद्योगीहरुलाई स्थानीय स्तरमा दूधको उपभोग बढाउन घरेलुस्तरमा दुग्ध पदार्थ प्रशोधन प्राविधिक तालिमसंगै व्यवहारिक ज्ञान उपलब्ध गराई उनीहरुको शीप तथा ज्ञानमा वृद्धि गराए मात्र स्थानीय स्तरमा दुग्ध पदार्थ विविधिकरण गरी उत्पादन तथा उपभोगमा सन्तुलन आउनेछ । सोहि कारण स्थानीय श्रोत र साधनको प्रयोग गरेर दूध तथा दुग्ध पदार्थ विक्री वितरण गर्न सकुन् र दूधको उत्पादन बढी भएको समयमा विभिन्न किसिमका दुग्ध पदार्थहरु उत्पादन गरी दूध विदा जस्तो

समस्यावाट मुक्त हुन् भनी ५ दिने दुग्ध पदार्थ उत्पादन विविधिकरण तालीम कार्यक्रम (अनुसूची ७ को क, ख, ग र घ) पूर्वाञ्चलको सुनसरी, पश्चिमाञ्चलको बुटवल, मध्यपश्चिमाञ्चलको बांके र सुदुर पश्चिमाञ्चलको कैलाली जिल्लामा गरी विभिन्न ४ ठाउंमा सम्पन्न गरिएको थियो ।

तालिमको मूख्य उद्देश्य बजारोन्मुख गाउं विकास समिति, नगरपालिका तथा जिल्लाका सदरमूकामहरुमा उपलब्ध प्रविधि तथा जनशक्तिलाई विभिन्न गुणस्तरिय दुग्ध पदार्थ उत्पादनमा संलग्न गराई स्थानीय स्तरमा रोजगारीको अवसर सृजना गरी ग्रामीण अर्थतन्त्रलाई मजबुत पार्न सहयोग पुरयाउनु रहेको थियो ।

तालिम पश्चात दुग्ध उद्योगमा कार्यरत कर्मचारीहरुलाई दुग्ध पदार्थ उत्पादन सम्वन्धी शीप बृद्धि/विकास गर्नुका साथै स्थानीय स्तरमा दुग्ध प्रविधि सम्बन्धी सामान्य ज्ञान एवं शीप भएका जनशक्ति तयार गर्न थप टेवा पुऱ्याउने आशा गरिएको छ ।

## ५. भ्रमण

### ५.१ अध्ययन भ्रमण

यस वोर्डका कार्यकारी निर्देशक श्री वावु काजी पन्तज्यूको अगुवाईमा जम्मा ७ जना (अनुसूची ८ को क ,ख र ग) सदस्यहरुबाट Thailand, China तथा America को अध्ययन भ्रमण गरिएको थियो । यो भ्रमणको मुख्य उद्देश्य Dairy Value chain, International Food Expo तथा Sexing Technology को अध्ययन गर्नु रहेको थियो ।

### ५.२ दुग्ध उत्पादक कृषक तथा उद्योगीहरुको अवलोकन भ्रमण

दुग्ध उत्पादक कृषक, तथा वोर्डका प्राविधिक कर्मचारीहरुको एक टोली धादिङ, गोरखा, तनहुँ, कास्की, पाल्पा, नबलपरासी, रुपन्देही तथा चितबनका ब्यबसायिक पशु फार्महरु, डेरी उद्योगहरु, घाँसबाली, दाना उद्योग तथा बिभिन्न सहकारी संस्थाहरुद्धारा संचालित चिस्यान केन्द्रहरुको अवलोकन भ्रमण (अनुसूची ९) गराईएको थियो ।

**उद्देश्य:**

- दुग्ध व्यवसायमा संलग्न विभिन्न सहकारी संघ/संस्था र प्राइभेट डेरीका प्राविधिकहरुलाई बैशाली दुग्ध उत्पादक सहकारी संघले संचालन गरेको दुग्ध कारखानाको भ्रमण गराई उनीहरुको प्राविधिक ज्ञानमा अभिवृद्धि गराउनुका साथै सहकारी मार्फत दुग्ध उद्योग चलाउनमा हौसला बढाउन ।
- दुग्ध क्षेत्रको विकासका लागि गठीत केन्द्रिय दुग्ध उत्पादक सहकारी संघका पदाधिकारीहरुलाई त्यस संघ एवं अर्न्तगतका दूध उत्पादक सहयोग समितिहरुको कार्यशैली/नीति सम्वन्धी अध्ययनको अवसर प्रदान गर्न ।

## ६. अनुदान कार्यक्रम

### ६.१ व्यावसायिक पशुपालन व्यवस्थापन सुधार अनुदान कार्यक्रम

देशमा विद्यमान दूध उत्पादनलाई व्यवसायिक रुपमा सुधार गरी कृषकहरुलाई अनुदान स्वरुप राहत पुरयाउन पशुपालनमा अझ उत्प्रेरणा जगाई दूध उत्पादन बढाउनका साथै हरियो घांस उत्पादन तथा खेतीमा जोड दिई दूधको लागत कम गराउनका लागि पशुपालनमा व्यवसायिक रुपमा सुधार गर्न यस आ.व. मा ५० (पचास) ओटा संघ/संस्था/फार्महरु (अनुसूची १०) लाई रु एक लाखका दरले अनुदान रकम उपलब्ध गराईएको थियो ।

**उद्देश्यः**

- कृषकहरुलाई पशुपालनतर्फ आकर्षित गराउने,
- स्थानीयस्तरमा लधु दुग्ध उद्योगको प्रवर्द्धनमा सहयोग पुर्‍याउने ।
- बिदेशिनी युवाहरुलाई देशमा केहि गर्न प्रेरित गर्ने ।
- भैंसीको संख्या वृद्धि गरि फार्मलाई विस्तार गर्दै लैजाने ।
- जिविकोपार्जनमुखी पशुपालनमा संलग्न कृषकहरुलाई व्यवसायमुखी बनाउने ।
- आर्थिक विकासको मेरुदण्डको रुपमा रहेको पशुपालन पेशालाई सुरक्षित गराउन ।

**६.२ मिल्क एनालाईजर खरीदमा अनुदान कार्यक्रम**

परम्परागत रुपमा पालिदै आएका पशुपालन व्यवसाय केही वर्षदेखी व्यवसायिक रुपमा विकास हुने क्रम अगाडि बढेको पाइन्छ । उत्पादित दूधको गुणस्तर परिक्षण गर्न तथा किसानहरुमा यस व्यवसायलाई पारदर्शी तुल्याउन दूध संकलन केन्द्र/सहकारी संस्थाहरुमा स्वचालित दूध बिश्लेषण यन्त्र (Milk analyzer) स्थापना गर्नु पर्ने आवश्यक देखिन्छ । यसको स्थापना तथा संचालन पश्चात् दूधको गुणस्तर नियन्त्रण गर्न सहयोग पुग्नुका साथै कृषकहरुले बिक्री वापत दूधको सही मूल्य प्राप्त गर्न सहज हुने हुँदा बोर्डले Milk analyzer को खरीदमा अनुदान सहयोग गरेको छ । यस आ.व.मा प्राप्त हुन आएको प्रस्तावहरुलाई अध्ययन गर्दै प्रतिस्पर्धाबाट १८ ओटा संघ/संस्था/फार्महरु (अनुसूची ११) लाई पूर्ण अनुदानमा मिल्क एनालाईजर खरीद गर्नका लागि अनुदान रकम उपलब्ध गराइएको थियो ।

**उद्देश्य**

- दूधको गुणस्तर जाँच परीक्षण गर्न सहयोग गर्ने ।
- कृषकहरुले आफ्नो उत्पादनको उचित मूल्य प्राप्त गर्न सहयोग पुग्ने ।
- दूध खरीद र बितरण प्रणालीमा बैज्ञानिक पद्धति लागु गर्न सहयोग गर्ने ।

**६.२ संस्था सुदृढीकरणका लागि अनुदान**

दुग्ध विकास वोर्डका सरोकारवाला निकायहरु तथा दुग्ध क्षेत्रसंग सम्बन्धित बिभिन्न संघसंस्थाहरुको संस्थागत बिकास तथा सुदृधिकरणको लागि यस आ. ब मा ३ वटा संस्थाहरु (अनुसूची १२) लाई अनुदान स्वरुप रकम उपलब्ध गराइएको थियो ।

**६.३ साना तथा घरेलु दुग्ध उद्योगहरुको क्षमता विस्तारमा अनुदान कार्यक्रम**

दूध उत्पादन तथा दुग्ध व्यवसाय मा देशका पाँचलाख भन्दा बढि कृषक परिवार प्रत्यक्ष्य संलग्न छन् भने देशमा स्थापित साना ठूला गरि करिव ६२० को हाराहारीमा रहेका दुग्ध उद्योगहरुवाट थप १०,००० भन्दा वढि रोजगारीका अवसरहरु सिर्जना भएका छन् । यस क्षेत्रमा करिव १५ अरव रुपैया भन्दा वढी लगानी भएको अनुमान छ । निजी दुग्ध उत्पादक कृषक तथा दुग्ध उद्यमीहरुको साथै देशभर छरिएर रहेका संगठित दूग्ध उत्पादक सहकारी संस्थाहरु यस क्षेत्रको विकास तर्फ कृयाशिल रहेकाछन् । बोर्डले मूल्य श्रृंखलामा टेवा पुग्ने गरि साना तथा घरेलु दुग्ध उद्योगहरुको क्षमता विस्तारका लागि (दूध तथा दुग्ध पदार्थ विकी केन्द्र स्थापना गर्न, ढुवानी साधन खरिद गर्न तथा दुग्ध प्रशोधन कारखाना स्थापना गर्न) अनुदान सहयोग प्रदान गरेको छ । यस आ.व. मा प्राप्त हुन आएका प्रस्तावहरुलाई अध्ययन गर्दै

प्रतिस्पर्धाबाट ५ ओटा संघ/संस्था/फार्महरु (अनुसूची १३) लाई छनौट गरी रु १,८३,०००। को दरले अनुदान रकम उपलब्ध गराइएको थियो ।

**उद्देश्य :**

यस कार्यक्रमको उद्देश्य देहाय वमोजिमको रहेकोछ

- उद्यमीको पूर्वाधार विकासमा सहयोग गर्ने ।
- उद्यमको क्षमता अभिवृद्धि गर्ने ।
- गुणस्तरीय, स्वच्छ दुग्ध पदार्थ उत्पादनमा निजी फर्मलाई पूंजीगत सहयोग पऱ्याउने
- दुग्ध व्यवसाय मार्फत रोजगारीमा अभिवृद्धि गर्ने ।

## ७. अध्ययन:

वोर्डले हरेका वर्ष विभिन्न विषयवस्तुहरुमा अध्ययनहरु गर्दै आईरहेको सन्दर्भमा यस आ.व.मा तल उल्लेखित विषयवस्तुमा अध्ययन गरिएको थियो । यस अध्ययनका प्रतिवदेनहरु वोर्डको पुस्तकालयमा रहेको र सवैका लागि उपलब्ध रहेको छ ।

- दूधको उत्पादन लागत
- Benchmark survey on quality of raw milk and processed milk in Nepal.

## ८. अनुगमन

वोर्डले दुग्ध क्षेत्रको विकासका लागि विभिन्न किसिमका कार्यक्रमहरु जस्तै ऋण लगानी, अनुदान सहयोग, तालिम, भ्रमण ईत्यादि संचालन गर्दै आईरहेको छ । यसरी संचालन गरिएका कार्यक्रमहरुको उपलव्धी भए/नभएको सम्वन्धमा यथार्थ विवरण थाहा पाउनका लागि अनुगमन गर्नु नितान्त जरुरी छ । उपलव्ध गराईएको ऋणबाट उद्देश्य अनूरुप कार्य संचालन भए नभएको सम्वन्धमा र अनुदान प्राप्त गरेको दुग्ध उपकरणहरुको उपयोगिता सम्वन्धमा गरिएका विभिन्न अनुगमन कार्यको रिपोर्टबाट अधिकांश संघ/संस्था तथा उद्योगहरुले उद्देश्य अनूरुप दुग्ध व्यवसाय संचालन गरी स्थानीय स्तरमा दूध तथा दुग्ध पदार्थ विक्री गरी मूनाफा आर्जन गरेको देखिन्छ । यसबाट दुग्ध उत्पादक कृषकहरु एवं उद्योगीहरु लभान्वित भएका छन् । प्राप्त रिपोर्टबाट अधिकांश संघ/संस्था तथा उद्योगहरुले उद्देश्य अनूरुप दुग्ध व्यवसाय संचालन गरी स्थानीय स्तरमा दूध तथा दुग्ध पदार्थ विक्री गरी मूनाफा आर्जन गरेको देखिन्छ । यसबाट दुग्ध उत्पादक कृषक एवं उद्योगीहरु लभान्वित भएका छन् । यसका साथै दुग्ध उद्योगहरुमा व्यवहारिक आचार संहिता लागु भए नभएको सम्वन्धमा पनि देशका विभिन्न भागमा रहेका दुग्ध उद्योगहरुको अनुगमन गरिएको थियो ।

## ९. विविध:

### ९.१ प्रशोधित प्याकेट दूधको गुणस्तर परिक्षण

आम दुग्ध उपभोक्ताको हितलाई ध्यानमा राखी बोर्डबाट काठमाडौं उपत्यकाभित्र बिक्री बितरण गरिने १०७१ वटा प्याकेट दूधको नमुनाको गुणस्तर परिक्षण गरिएको थियो ।

### ९.२ दुग्ध पदार्थको उपभोग बढाउन चेतनामूलक कार्यक्रम

गूणस्तरिय दूध तथा दुग्ध पदार्थको खपत वढाउने उद्देश्यले जनचेतनामूलक विज्ञापन प्रसारण गर्नका लागि

"दूध तथा दुग्ध पदार्थ वढी भन्दा बढी सेवन गरी स्वस्थ वनौं" विषयक नारा स्टार एफ.एम(काठमाडौं र धरान), हेटौडा एफ एम, हेटौडा तथा इन्द्रेनी एफ एम, दाङ मार्फत दैनिक बिहान, दिउसो र बेलुकाको समयमा असोज १ गतेदेखि मँसिर मसान्तसम्म प्रसारण गरिएको थियो ।

### ९.३ HACCP, GMP तथा GHP सम्बन्धी अन्तक्रिया कार्यक्रम

दुग्ध उत्पादक कृषक तथा दुग्ध उद्योगीहरुलाई स्वच्छ र गुणस्तरिय दूध उत्पादन कार्यको जनचेतना अभिवृद्धि गराउने उद्देश्यका साथ सम्वन्धित सरोकारवालाहरुको सहभागितामा मिति २०७३।०३।०१ गते यस बोर्डको सभागृहमा "Awareness and Guidelines for Implementation of GMP, GHP and HACCP in Dairy Industries of Nepal" बिषयक एक दिने अर्न्तक्रिया कार्यक्रम(अनुसूची १४) आयोजना गरिएको थियो ।

### ९.४ विश्व दूध दिवसः

अन्तराष्ट्रिय स्तरमा FAO ले June 1st, 2001 बाट विश्व दूध दिवस मनाउंदै आएको परिप्रेक्ष्यमा नेपालले पनि सन् २०११ बाट विभिन्न कार्यक्रमहरु गरी विश्व दूध दिवस मनाउंदै आएको छ । यसै सन्दर्भमा विश्व दूध दिवस जुन १, २०१६ (तदनुसार, जेठ १९, २०७३) को अवसरमा नेपालमा पनि विभिन्न कार्यक्रमको आयोजना गरी मनाइयो । कार्यक्रम सिफलस्थित बालमन्दिरमा पशुपंक्षी बिकास मन्त्री श्री शान्ता मानबीज्यूको प्रमूख आतिथ्यतामा सम्पन्न गरिएको थियो ।

विश्व दुध दिवस २०७३, राष्ट्रिय दुग्ध विकास बोर्डको सयोजकत्वमा दूधसंग सरोकार राख्ने पशु सेवा विभाग, पशु उत्पादन निर्देशनालय, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग, दुग्ध विकास संस्थान, केन्द्रिय दुग्ध सहकारी संघ लि, नेपाल डेरी एशोशिएशन, डेरी उद्योग संघको संयुक्त आयोजनामा सम्पन्न गरिएको थियो ।

**उद्देश्य**

- अन्तराष्ट्रिय स्तरमा दूध दिवस स्थापित भइसकेकोले सोहीलाई आधार मानी विश्व दूध दिवस मनाउने,
- दूध तथा दूग्ध पदार्थ उपभोगमा सवैको पहूच पुऱ्याउने,
- दूध तथा दुग्ध पदार्थको गुणस्तर कायम गर्न जनचेतना जगाउने,
- दूध तथा दुग्ध पदार्थ उपभोग मार्फत खाद्य पोषण संरक्षणमा सुनिश्चितता गराउने ।

### ९.५ डेरी फुड फेस्टिभल

दूध तथा दुग्ध पदार्थहरुको पोषणजन्य महत्वको जानकारी तथा ब्यापार प्रबर्धनको लागि यस बोर्डबाट मिति २०७३।०३।२२ गते माननिय पशुपंक्षी बिकास मन्त्री श्री शान्ता मानबीज्यूको प्रमुख आतिथ्यतामा " नियमित दूध सेबन, स्वस्थ र समृद्ध जीबन" भन्ने नाराका साथ नेपाल स्काउट भवन, लैनचौर, काठमाडौंमा डेरी फुड फेस्टिभल आयोजना गरिएको थियो ।

### ९.६ No-Return System अनुगमन

विगतमा बजारमा विक्रीका लागि पठाईएका प्रशोधित प्याकेट दूध पूर्ण रुपमा विक्री नभएको अवस्थामा

सम्बन्धित दुग्ध उद्योगहरुले फिर्ता लिने प्रचलन रहि आएको थियो । यस प्रचलनका कारण एकातिर फिर्ता भएको दूधलाई पुनः प्रशोधन गर्नु पर्दा दुग्ध उद्योगहरुको प्रशोधन लागत बढ्ने देखिन्छ भने अर्कोतिर फिर्ता भएको दूधको गुणस्तरमा ह्रास आउने र सो को सेवनले मानव स्वास्थ्यमा समेत असर पर्ने देखिन्छ । उक्त प्रचलन मानवीय र आर्थिक तथा पर्यावरणीय दृष्टिकोणबाट समेत असान्दर्भिक देखिएको परिप्रेक्ष्यमा आम उपभोक्ता माझ स्वच्छ तथा सफा दूधको उपलव्धता सुनिश्चित गर्नका लागि मंत्रालयवाट कार्यविधि स्वीकृत नभएको अवस्थामा पनि दुग्ध क्षेत्रका सम्वन्धित सरोकारवालाहरुको सहयोगमा No-return system लागु गरिएको थियो ।

यसै सन्दर्भमा वजारमा दूग्ध उद्योगहरुवाट विक्रीको लागि पठाईएको प्रशोधित प्याकेट दुध विक्री नभए फिर्ता लिने प्रचलन रोक्न र No return system पूर्ण रुपमा लागू गर्न दुग्ध उद्योगहरुको अनुगमन गर्ने गरिएको थियो र अनुगमनवाट प्राप्त रिपोर्ट अनुसार यो लागु भएको पाईएको छ ।

अनुसूची-१

**बोर्डको कार्यकारी समितिका पदाधिकारीहरुको नामावली**

**२०७३ अषाढ मसान्तसम्म**

| क्र.स | पद | नाम र ठेगाना |
|---|---|---|
| १ | अध्यक्ष, | माननीय श्री शान्ता मानबी, मन्त्री, पशुपंक्षी विकास मन्त्रालय |
| २ | उपाध्यक्ष | श्री, डा. कृष्ण चन्द्र पौडेल,सचिव, पशुपंक्षी विकास मन्त्रालय |
| ३ | सदस्य | श्री जगदीश रेग्मी, प्रतिनिधि, अर्थ मन्त्रालय |
| ४ | सदस्य | श्री केशव प्रसाद प्रेमी, महानिर्देशक, पशू सेवा विभाग |
| ५ | सदस्य | श्री संजिव कूमार कर्ण, महानिर्देशक, खाद्य प्रविधि तथा गूण नियन्त्रण विभाग |
| ६ | सदस्य | श्री केशब प्रसाद रेग्मी, रजिष्ट्रार, सहकारी विभाग |
| ७ | सदस्य | श्री गंगा तिमल्सिना, महाप्रवन्धक, दूग्ध विकास संस्थान |
| ८ | सदस्य | श्री नारायण देवकोटा, प्रतिनिधि, दुग्ध उत्पादक कृषक |
| ९ | सदस्य | श्री सन्जू भट्ट नेपाली, प्रतिनिधि दुग्ध उत्पादक कृषक |
| १० | सदस्य | श्री सूमित केडिया, प्रतिनिधि, निजी दूग्ध उद्योग |
| ११ | सदस्य | श्री राज कूमार दाहाल, प्रतिनिधि, निजी दूग्ध उद्योग |
| १२ | सदस्य | श्री शशिधर शर्मा, प्रतिनिधि ठुला गाईपालक कृषक |
| १३ | सदस्य | श्री निरन्जन श्रेष्ठ, प्रतिनिधि ने.उ.वा.महासंघ, काठमाडौं |
| १४ | सदस्य | श्री रेवतीमान श्रेष्ठ, विषय विशेषज्ञ |
| १५ | सदस्य-सचिब | श्री कैलाश प्रसाद ढुंगेल, कार्यकारी निर्देशक, रा.दू.वि.बोर्ड |

## अनुसूची-२

**कर्मचारीको सेवा, पद तथा श्रेणीसहितको दरबन्दी सङ्गठन तालीका**



अनुसूची-३

**बोर्डमा कार्यरत कर्मचारीहरुको विवरण**

मिति: २०७३ साल आषाढ मसान्तसम्म

| क.स. | नाम | हाल कार्यरत पद | कैफियत |
|---|---|---|---|
| १. | श्री कैलाश प्रसाद ढुंगेल | कार्यकारी निर्देशक | |
| २. | श्री बाबु काजी पन्त | उपकार्यकारी निर्देशक | |
| ३. | डा. बालक चौधरी | निर्देशक, प्राविधिक | |
| ४. | श्री विदुर राई | निर्देशक, प्रशासन | |
| ५. | डा. हसना मैंया श्रेष्ठ | निर्देशक, प्राविधिक | |
| ६. | श्री दिपेन्द्र अधिकारी | सहकारी अधिकृत | |
| ७. | श्री अमोघ काफ्ले | शाखा अधिकृत | |
| ८. | श्री ओम प्रकाश खरेल | लेखा अधिकृत | |
| ९ | श्री राजेश डि.सी | अनुसन्धान अधिकृत | |
| १० | श्री नारायण देशार | अनुसन्धान अधिकृत | |
| ११. | श्री अजय पोखरेल | अनुसन्धान अधिकृत | |
| १२. | श्री नीता शर्मा | व.कार्यालय सहायक | |
| १३. | श्री शुशिला भट्राई | व.कार्यालय सहायक | |
| १४. | श्री मिना कुमारी चेम्जोङ्ग | व.कार्यालय सहायक | |
| १५. | श्री शुष्मा सिंखडा | व.कार्यालय सहायक | |
| १६ | श्री सरस्वती खनाल | व.कार्यालय सहायक | |
| १७ | डा. रविन्द्र विलास मरहट्टा | अनुसन्धान सहायक | |
| १८ | श्री शंकर अधिकारी | अनुसन्धान सहायक | |
| १९. | श्री वल वहादुर पुन | स्टोर किपर | |
| २० | श्री कौशिका ढकाल | व.कार्यालय सहायक | |
| २१. | श्री सानुवावु रिजाल | सवारी चालक | |
| २२. | श्री दिपक कार्की | सवारी चालक | |
| २३. | श्री राम कृष्ण डंगोल | सवारी चालक | |
| २४. | श्री चक्रमान मर्हजन | सवारी चालक | |
| २५. | श्री मंगले लामा | कार्यालय सहयोगी | |
| २६. | श्री सहदेव पाण्डे | कार्यालय सहयोगी | |
| २७. | श्री गीता श्रेष्ठ | कार्यालय सहयोगी | |
| २८ | श्री लज नारायण थारु | कार्यालय सहयोगी | |
| २९ | श्री बिमल हट्टवाल | कार्यालय सहयोगी | |

अनुसूची ४

## मिल्क एनालाईजर मर्मत तालिम

तालिम स्थलः बुटवल

तालिम अवधिः मिति २०७२।०९।०६ देखि २०७२।०९।०९ सम्म

**तालिममा सहभागी प्रशिक्षार्थीहरुको नामावाली**

| सि.नं. | नाम,थर | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | खिमानन्द न्यौपाने | दिपधेनु दु.उ.स.स.ली ,रुपन्देही | |
| २ | प्रिसा भुसाल | नवकृषक दु.उ.स.स.ली, चितवन | |
| ३ | लिलाराम सापकोटा | सालभ्रूण्डी दु.उ.स.स.ली, रुपन्देही | |
| ४ | यमलाल भुसाल | महालक्ष्मी डेरी उद्योग ,कपिलबस्तु | |
| ५ | तुलसी राम भुसाल | दिव्यशान्ति ब.उ.स.स.ली ,रुपन्देही | |
| ६ | खेम प्रसाद गौतम | दिव्यशान्ति ब.उ.स.स.ली ,रुपन्देही | |
| ७ | भुपति पाण्डेय | ज्योती दु.उ.स.स.ली, रुपन्देही | |
| ८ | शंकर अधिकारी | गुराँसफुल ब.उ.स.स.ली, चितवन | |
| ९ | मुकुन्द आचार्य | कालिगण्डकी दु.उ.स.स.ली, बाग्लुङ्ग | |
| १० | डिलाराम आचार्य | कालिगण्डकी दु.उ.स.स.ली, बाग्लुङ्ग | |
| ११ | टुकलाल भट्टराई | बाणगंगा दु.उ.स.स.ली, कपिलबस्तु | |
| १२ | सनु श्रेष्ठ | एभरेष्ट एग्रो ,रुपन्देही | |
| १३ | जगदिश पन्थ | बोलबम महिला दु.उ.स.स.ली, रुपन्देही | |
| १४ | कृष्ण अर्याल | प्रिसा सप्लार्यस,रुपन्देही | |
| १५ | मित्र प्रसाद भट्टराई | सिद्वार्थ दु.उ.स.स.ली, रुपन्देही | |
| १६ | घनश्याम पाठक | कस्तुरी दु.उ.स.स.ली, रुपन्देही | |
| १७ | तुल बहादुर खनाल | शंकरनगर दु.उ.स.स.ली, रुपन्देही | |
| १८ | दिलिप काफ्ले | पन्चकन्या दु.उ.स.स.ली, मकवानपुर | |
| १९ | सागर सापकोटा | मुकुन्दसेन दु.उ.स.स.ली, नवलपरासी | |
| २० | योग प्रसाद पाण्डेय | गोकुल दु.उ.स.स.ली, रुपन्देही | |
| २१ | पुष्पा ढकाल | पवित्र महिला दु.उ.स.स.ली, रुपन्देही | |
| २२ | भिमराज गैरे | पशुपति दु.उ.स.स.ली, रुपन्देही | |
| २३ | तुलसी आचार्य | हरिहर दु.उ.स.स.ली, चितवन | |
| २४ | राजकुमार चौधरी | जनमुखी व.उ.स.स.ली, चितवन | |
| २५ | रामनाथ भुसाल | भुसाल डेरी उद्योग, गुल्मी | |
| २६ | पदमराज बस्याल | बस्याल एग्रो,नवलपरासी | |

अनुसुचि ५

**चिलिङ्ग भ्याट संचालन तथा मर्मत तालिम**
**तालिम स्थान: चितवन**
**तालिमको समय अवधि:२०७२/०९/२५ देखि २०७२/०९/२९ सम्म**

**चिलिङ भ्याट संचालन तथा मर्मत तालिमका सहभागीहरुको विवरण**

| क.सं. | सहभागीको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | श्री शिवहरी आचार्य | श्री हिमाल डेरी उद्योग, पोखरा | |
| २ | श्री सनु श्रेष्ठ | श्री एभरेष्ट एग्रो फार्म हाऊस, रुपन्देही | |
| ३ | श्री कविन प्रसाद तिमल्सिना | श्री उमादेवी दु.उ.स.संस्था लि., काभ्रे | |
| ४ | श्री रेशम वस्नेत | श्री बनदेवी दु.उ.स.संस्था लि., मकवानपुर | |
| ५ | श्री डिल्लीरमण ढकाल | श्री ब्रम्हाणी दु.उ.स.संस्था लि., काभ्रे | |
| ६ | श्री निम प्रसाद बस्याल | श्री चन्द्रोदय बहुउद्देशीय सहकारी संस्था लि., नवलपरासी | |
| ७ | श्री विजय वहादुर तिवारी | श्री अन्नपुर्ण दु.उ.स.संस्था लि., चितवन | |
| ८ | श्री रामकृष्ण कार्की | श्री महाचुली कृषि सहकारी संस्था लि., मकवानपुर | |
| ९ | श्री रविराज अधिकारी | श्री त्रिवेणी दु.उ.स.संस्था लि., चितवन | |
| १० | श्री ईश्वरी प्रसाद ढकाल | श्री नन्दिनी दु.उ.स.संस्था लि., चितवन | |
| ११ | श्री राम भरोसी राय | श्री पशुपती दूध डेरी उद्योग, सर्लाही | |
| १२ | श्री कलाधर ढकाल | श्री गुरांसफुल बहूउद्देशीय सहकारी संस्था लि. चितवन | |
| १३ | श्री हर्षमणी चौधरी | श्री राधाकृष्ण दु.उ.स.संस्था लि.,चितवन | |
| १४ | श्री राजेन्द्र खड्का | श्री सिद्धबाबा डेरी, सिन्धुली | |
| १५ | श्री सुर्य प्रसाद भुषाल | श्री कामधनु दु.उ.स.संस्था लि., चितवन | |
| १६ | श्री दुर्गादत्त पौडेल | श्री नवकृषक दु.उ.स.संस्था लि., चितवन | |
| १७ | श्री गोविन्द वहादुर क्षेत्री | श्री हिमाल डेरी उद्योग, पोखरा | |
| १८ | श्री देवराज न्यौपाने | श्री साना किसान डेरी उद्योग, काभ्रे | |
| १९ | श्री रामचन्द्र श्रेष्ठ | श्री जयमंगला दु.उ.स.संस्था लि., चितवन | |
| २० | श्री मिन वहादुर थापा | श्री लुछुङ्ग दु.उ.स.संस्था लि., पाल्पा | |
| २१ | श्री टीकाराम खराल | श्री जयकिसान डेरी, पाल्पा | |
| २२ | श्री विष्णु प्रसाद अधिकारी | श्री नागडांडा दु.उ.स.संस्था लि., कास्की | |
| २३ | श्री योग प्रसाद सूवेदी | श्री किसान दु.उ.स.संस्था लि., मकवानपुर | |
| २४ | श्री तारा प्रसाद शर्मा | श्री सामुहिक दु.उ.स.संस्था लि., रुपन्देहि | |
| २५ | श्री महेन्द्र खड्का | श्री भण्डारी दुग्ध डेरी प्रा.लि., कास्की | |
| २६ | श्री तिलक प्रसाद घिमिरे | श्री प्रगती दु.उ.स.संस्था लि., काभ्रे | |

अनुसूची ६

## गुणस्तरीय चीज उत्पादन तालिम

तालिम स्थल: फिक्कल, ईलाम

तालिम अवधि: मिति २०७३।०२।०१ देखि २०७३।०२।०५ सम्म

**सहभागी प्रशिक्षार्थीहरुको उपस्थिति विवरण**

| **क.सं.** | **नाम** | **उद्योगको नाम र ठेगाना** | **कैफियत** |
|---|---|---|---|
| १. | शंकर खड्का | अनमोल चीज उत्पादन केन्द्र, पशुपतिनगर | |
| २. | पुरण खड्का | अनमोल चीज उत्पादन केन्द्र, पशुपतिनगर | |
| ३. | शिव क्षेत्री | अनमोल चीज उत्पादन केन्द्र, पशुपतिनगर | |
| ४. | चन्द्र बहादुर राई | पञ्चामृत डेरी, पशुपतिनगर | |
| ५. | तुलु कामी थिङ्ग | लक्की डेरी, पशुपतिनगर | |
| ६. | फूर्वा यल्मो | नामसालिङ्ग, इलाम | |
| ७. | साङगे यल्मो | लक्की डेरी, पशुपतिनगर | |
| ८. | रिञ्जी फूर्वा शेर्पा | शेर्पा डेरी, सुलुवुङ्ग | |
| ९. | लाक्पा यल्मो | पाथिभरा डेरी, सुलुवुङ्ग | |
| १०. | धन कुमार प्रधान | गोर्खे,इलाम | |
| ११. | आङ्गरिता शेर्पा | कञ्चनजंघा चीज उद्योग, रक्से | |
| १२. | मन कुमारी मुखिया | पाण्डव डेरी, रक्से | |
| १३. | धुर्व राई | कुसाङ्गचेवा चीज उत्पादन केन्द्र, इलाम | |
| १४. | कर्मा जिरेल | कर्मा डेरी, पशुपतिनगर | |
| १५. | विशेक क्षेत्री | पञ्चामृत डेरी, पशुपतिनगर | |
| १६. | समीर यल्मो | संगिता डेरी, पाँचथर | |
| १७. | दावा पाखीन | फिक्कल,ईलाम | |
| १८. | सागर यल्मो | संगिता डेरी, पाँचथर | |

अनुसूची ७ (क)

## दुग्ध पदार्थ विविधकरण तालिम

तालिम स्थलः बुटवल

तालिम अवधिः २०७२।०९।०६ देखि २०७२।०९।१०

**सहभागी प्रशिक्षार्थीहरुको नामावली**

| क.सं. | नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | कृष्ण प्रसाद भट्टराई | सिद्धार्थ डेरी उद्योग ,रुपन्देही | |
| २ | रोमकान्त न्यौपाने | श्रीनगर डेरी उद्योग ,पाल्पा | |
| ३ | तेज प्रसाद भट्टराई | कस्तुरी दु.उ.स.स.ली, ,रुपन्देही | |
| ४ | हुम बहादुर लामिछाने | चन्द्रोदय ब.स.स.ली,नवलपरासी | |
| ५ | रामकृष्ण पौडेल | शुभलक्ष्मी डेरी उद्योग ,रुपन्देही | |
| ६ | पुष्पराज अधिकारी | पुष्पाञ्जली महिला दु.उ.स.स.ली,नवलपरासी | |
| ७ | पवन भट्टराई | वशिष्ठ डेरी उद्योग , नवलपरासी | |
| ८ | दिवाकर भुसाल | जनकल्याण दुध डेरी, नवलपरासी | |
| ९ | गोपाल सिङ्ग कुमाल | अमृत कृषि सहकारी, नवलपरासी | |
| १० | कुमार के.सी. | प्रगति कृषि सहकारी, नवलपरासी | |
| ११ | रविलाल पन्थ | गौरब डेरी तथा प्रसोधन केन्द्र ,गुल्मी | |
| १२ | भुबनेश्वर न्यौपाने | सिद्धबाबा डेरी उद्योग ,रुपन्देही | |
| १३ | थानेश्वर न्यौपाने | महालक्ष्मी डेरी उद्योग ,कपिलबस्तु | |
| १४ | रामहरी शर्मा | टिकुलिगढ दु.उ.स.स.ली, ,रुपन्देही | |
| १५ | टिकाराम खराल | जय किसान डेरी, पाल्पा | |
| १६ | मायादेवी अधिकारी | पवित्र महिला दु.उ.स.स.ली, ,रुपन्देही | |
| १७ | कमला भण्डारी | ज्ञानोदय दु.स.स.ली, ,रुपन्देही | |
| १८ | मोहन कुमार श्रेष्ठ | ग्लोबल गोर्खा मल्टीप्रपोज प्रा.ली.,गोर्खा | |
| १९ | शंकर बा. कोइराला | माई पश्चिमकालि कृषि फर्म, गोर्खा | |
| २० | हेमलाल न्यौपाने | स्वाबलम्वन दु.उ.स.स.ली, ,रुपन्देही | |
| २१ | दिपेन्द्र भण्डारी | बेलबोटे भण्डारी लाईभस्टक फर्म,रुपन्देही | |
| २२ | दधिराम रेग्मी | रेग्मी दूध संकलन तथा बिक्री केन्द्र,रुपन्देही | |
| २३ | रमेश गोदार | भैरव डेरी उद्योग ,पाल्पा | |
| २४ | कृष्ण कार्की | गणपती डेरी उद्योग ,पाल्पा | |
| २५ | मोहन भुसाल | शुभलक्ष्मी डेरी उद्योग ,रुपन्देही | |
| २६ | सरोज बास्तोला | हेटौडा डेरी उद्योग ,मकवानपुर | |
| २७ | युवराज नेपाल | नेपाल दूध डेरी, नवलपरासी | |
| २८ | रामकृष्ण रेग्मी | रेग्मी डेरी उद्योग ,गुल्मी | |

अनुसूची ७(ख)

## दुग्ध पदार्थ विविधकरण तालिम

तालिम स्थलः कोहलपुर, बांके

तालिम अवधिः २०७२।१०।१८ देखि २०७२।१०।२५

**सहभागी प्रशिक्षार्थिहरुको विवरण**

| क.सं. | नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | कृष्ण प्रसाद भट्टराई | सिद्दार्थ डेरी उद्योग ,रुपन्देही | |
| २ | रोमकान्त न्यौपाने | श्रीनगर डेरी उद्योग ,पाल्पा | |
| ३ | तेज प्रसाद भट्टराई | कस्तुरी दु.उ.स.स.ली, ,रुपन्देही | |
| ४ | हुम बहादुर लामिछाने | चन्द्रोदय ब.स.स.ली,नवलपरासी | |
| ५ | रामकृष्ण पौडेल | शुभलक्ष्मी डेरी उद्योग ,रुपन्देही | |
| ६ | पुष्पराज अधिकारी | पुष्पाञ्जली महिला दु.उ.स.स.ली,नवलपरासी | |
| ७ | पवन भट्टराई | वशिष्ठ डेरी उद्योग , नवलपरासी | |
| ८ | दिवाकर भुसाल | जनकल्याण दूध डेरी, नवलपरासी | |
| ९ | गोपाल सिङ्ग कुमाल | अमृत कृषि सहकारी, नवलपरासी | |
| १० | कुमार के.सी. | प्रगति कृषि सहकारी, नवलपरासी | |
| ११ | रविलाल पन्थ | गौरब डेरी तथा प्रशोधन केन्द्र ,गुल्मी | |
| १२ | भुबनेश्वर न्यौपाने | सिद्बबाबा डेरी उद्योग ,रुपन्देही | |
| १३ | थानेश्वर न्यौपाने | महालक्ष्मी डेरी उद्योग ,कपिलबस्तु | |
| १४ | रामहरी शर्मा | टिकुलिगढ दु.उ.स.स.लि, ,रुपन्देही | |
| १५ | टिकाराम खराल | जय किसान डेरी, पाल्पा | |
| १६ | मायादेवी अधिकारी | पवित्र महिला दु.उ.स.स.लि, ,रुपन्देही | |
| १७ | कमला भण्डारी | ज्ञानोदय दु.स.स.लि, ,रुपन्देही | |
| १८ | मोहन कुमार श्रेष्ठ | ग्लोबल गोर्खा मल्टीप्रपोज प्रा.लि.,गोर्खा | |
| १९ | शंकर बहादुर कोइराला | माई पश्चिम कालि कृषि फर्म, गोर्खा | |
| २० | हेमलाल न्यौपाने | स्वाबलम्वन दु.उ.स.स.लि, ,रुपन्देही | |
| २१ | दिपेन्द्र भण्डारी | बेलबोटे भण्डारी लाईभस्टक फर्म,रुपन्देही | |
| २२ | दधिराम रेग्मी | रेग्मी दूध संकलन तथा बिकी केन्द्र,रुपन्देही | |
| २३ | रमेश गोदार | भैरव डेरी उद्योग ,पाल्पा | |
| २४ | कृष्ण कार्की | गणपती डेरी उद्योग ,पाल्पा | |
| २५ | मोहन भुसाल | शुभलक्ष्मी डेरी उद्योग ,रुपन्देही | |
| २६ | सरोज बास्तोला | हेटौडा डेरी उद्योग ,मकवानपुर | |
| २७ | युवराज नेपाल | नेपाल  दूध डेरी, नवलपरासी | |
| २८ | रामकृष्ण रेग्मी | रेग्मी डेरी उद्योग ,गुल्मी | |

अनुसूची ७ (ग)

## दुग्ध पदार्थ विविधकरण तालिम

तालिम स्थलः अत्तरिया, कैलाली

तालिम अवधिः मिति २०७२।११।२५ देखि २०७२।११।२९ सम्म

**सहभागी प्रशिक्षार्थीहरुको विवरण**

| क.सं | सहभागीको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १. | भरत वहादुर सिंह | सागर डेरी, बझांग | |
| २. | विष्णु प्रसाद अर्याल | पुर्नवास सहकारी संस्था लि, कन्चनपुर | |
| ३. | तुलसी कुमारी सापकोटा | राजिपुर म. कृ. दु.उ.स. संस्था लि., कैलाली | |
| ४. | प्रकाश जोशी | जोशी नमुना डेरी, दिपायल | |
| ५. | रतन वहादुर शाह | पूजा दूध डेरी, लम्की, कैलाली | |
| ६. | लक्ष्मण वहादुर सिंह | सुमित्रा डेरी , बेलौरी,कन्चनपुर | |
| ७. | संजय शाही | सलिना डेरी, कन्चनपुर | |
| ८. | शेर वहादुर हमाल | ममता आंचल डेरी उद्योग, धनगढी, कैलाली | |
| ९. | निरोज महर्जन | धनगढी दुग्ध वितरण आयोजना, कैलाली | |
| १०. | गणेश प्रसाद वजगाई | तातोपानी ९, सूर्खेत | |
| ११. | दुर्गा कठायत | नेउलापुर ५, भुरिगाउं, वर्दिया | |
| १२. | पार्वती हमाल | गौरी गाई तथा भैंसी पालन, कन्चनपुर | |
| १३. | प्रकाश सिंह सामन्त | दार्चुला डेरी उद्योग, दार्चुला | |
| १४. | खडक वहादुर ढांट | दिप डेरी उद्योग, धनगढी | |
| १५. | महेश कठायत | दिप डेरी उद्योग एण्ड कृषि फर्म, कैलाली | |
| १६. | पार्वती दिपाकोटी | वन्दना डेरी, चौमाला, कैलाली | |
| १७. | मिना भट्टराई सुवेदी | गौरव डेरी, धनगढी, कैलाली | |
| १८. | नारायण बुढा | अपि न.पा., दार्चुला | |

अनुसूची ७ (घ)

## दुग्ध पदार्थ विविधकरण तालिम

तालिम स्थलः तरहरा, सुनसरी

तालिम अवधिः २०७३।०१।३१ देखि २०७३।०२।०४

**सहभागी प्रशिक्षार्थीहरुको विवरण**

| क.सं. | नाम | ठेगाना |
|---|---|---|
| १ | साबित्री कुमारी सुनुवार | कमलाकमाई न.पा. - ६ ,सिन्धुली |
| २ | शमशेर बहादुर सुनुवार | कमलाकमाई न.पा. -६ ,सिन्धुली |
| ३ | गीता रेग्मी | अरुण पशुपालन सहकारी सस्था ,ईटहरी -२ ,सुनसरी |
| ४ | जानुका कटुवाल | ईटहरी- २५ ,सुनसरी |
| ५ | गीता पौडेल | टंकी सिनवारी -३,मोरङ्ग |
| ६ | धन कुमारी राया अधिकारी | श्री धनलक्ष्मी बहुउद्धेश्यीय कृषि फर्म,बिराटनगर- ५ |
| ७ | महेन्द्र पौडेल | टंकी सिनवारी- ३,मोरङ्ग |
| ८ | राकेश गुरागाँई | प्रकाशपुर -६,सुनसरी |
| ९ | बाबुराम ओझा | सृजना कृषि गाई फर्म,झुम्का -५ ,सुनसरी |
| १० | बुद्धिमान राई | षडानन्द न.पा. -७, भोजपुर |
| ११ | पोस्टराज घिमिरे | दिक्तेल न.पा.- १ ,खोटाङ्ग |
| १२ | शालिक राम अधिकारी | कालिका दुग्ध खरिद बिकी केन्द्र,सित्तलपाटी -१ संखुवासभा |
| १३ | सुनिल कुमार राई | पोखरे न.पा. -६, भोजपुर |
| १४ | रबिन कुमार कर्ण | जयश्री गोपाल डेरी,हरिपुर -१ सर्लाही |
| १५ | रन्जित कुमार मेहता | सुन्दर पशुपालन फर्म,बसन्तपुर -५,सुनसरी |
| १६ | राकेश कुमार मेहता | आशिष पशुपालन फर्म,देवानगंज -३,सुनसरी |
| १७ | पबित्रा देबकोटा | अशोक डेरी ,झुम्का- ३ ,सुनसरी |
| १८ | विजय कुमार यादव | किशान पशुपालन सहकारी सस्था ,सवैला - ९ ,धनुषा |
| १९ | प्रकाश मैनाली | रितिका डेरी, धाईजन -६ ,झापा |

अनुसूची ८(क)

**अध्ययन भ्रमण**

भ्रमण गरिएको स्थानः **अमेरिका**

भ्रमण अवधिः २०७२/०६/५ देखि २०७२/०६/१८ सम्म

**भ्रमणमा संलग्न सहभागीको विवरण**

| क.सं. | नाम | ठेगाना |
|---|---|---|
| १ | श्री वावु काजी पन्त | कार्यकारी निर्देशक, राष्ट्रिय दुग्ध विकास बोर्ड |

अनुसूची ८(ख)

**अध्ययन भ्रमण**

भ्रमण गरिएको स्थानः **चीन**

भ्रमण अवधिः २०७२/०८/१७ देखि २०७२/०८/२२ सम्म

**भ्रमणमा संलग्न सहभागीहरुको विवरण**

| क.सं. | नाम | ठेगाना |
|---|---|---|
| १ | श्री वावु काजी पन्त | कार्यकारी निर्देशक, राष्ट्रिय दुग्ध विकास बोर्ड |
| २ | श्री नारायण प्रसाद देबकोटा | बोर्ड सदस्य |
| ३ | श्री बिदुर राई | निर्देशक, प्रशासन, राष्ट्रिय दुग्ध विकास बोर्ड |
| ४ | श्री मदन काफ्ले | प्रतिनिधि, किसान |
| ५ | श्री अमोघ काफ्ले | शाखा अधिकृत, राष्ट्रिय दुग्ध विकास बोड |
| ६ | श्री राम प्रसाद आचार्य | महासचिब, केन्द्रिय दुग्ध उत्पादक सहकारी संघ |

अनुसूची ८(ग)

**अध्ययन भ्रमण**

भ्रमण गरिएको स्थानः **थाइल्याण्ड**

भ्रमण अवधिः २०७२/१०/१२ देखि २०७२/१०/१९ सम्म

**भ्रमणमा संलग्न सहभागीहरुको विवरण**

| क.सं. | नाम | ठेगाना |
|---|---|---|
| १ | श्री वावु काजी पन्त | कार्यकारी निर्देशक, राष्ट्रिय दुग्ध विकास बोर्ड |
| २ | श्री केशव प्रसाद प्रेमी | महानिर्देशक, पशु सेवा विभाग |

अनुसूची ९

## कृषक तथा दुग्ध उद्यमीको भ्रमण

भ्रमण गरिएको स्थानः धादिङ, गोरखा,तनहुँ, कास्की, पाल्पा, नवलपरासी,चितवन

भ्रमण अवधिः २०७३/०३/०१ देखि २०७३/०३/०५ सम्म

**भ्रमणमा संलग्न सहभागीहरुको विवरण**

| क.सं. | सहभागीहरुको नाम | संस्थाको नाम, ठेगाना | कैफियत |
|---|---|---|---|
| १. | श्री कृष्ण बहादुर भण्डारी | श्री कमलामाई कृषि फर्म प्रा. लि | |
| २. | श्री अर्जुन प्रसाद तिमिल्सिना | श्री मनकामना पशुपालन केन्द्र, मकवानपुर | |
| ३. | श्री शिबहरि नेपाल | शिब डेरी सप्लायर्स, नुवाकोट | |
| ४. | श्री यम प्रसाद अधिकारी | श्री नागडाँडा दुग्ध उत्पादक सहकारी संस्था लि | |
| ५. | श्री यम बहादुर घिमिरे | स्वर्गद्धारी डेरी फार्म, प्युठान | |
| ६. | श्री केशबराज अधिकारी | सिद्धि बिनायक गाई फार्म, दाङ | |
| ७. | श्री कमला देबी श्रेष्ठ | ग्लोबल गोरखा मल्टिपर्पोज प्रा. लि | |
| ८. | श्री राकेश गुरागाई | सुनसरी | |
| ९. | श्री मिन प्रसाद बस्याल | श्री चन्द्रोदय बहुउद्धेशिय सहकारी संस्था लि, नवलपरासी | |
| १०. | श्री भक्त बहादुर खत्री | महामती अर्ग्यानिक कृषि फार्म, भक्तपुर | |
| ११. | श्री बालानन्द भण्डारी | श्री कस्तुरी दु. उ. स. संघ, रुपन्देही | |
| १२. | श्री शुलभ पौडेल | श्री छैमले साना किसान कृषि सहकारी संस्था, काठमाडौं | |
| १३. | श्री मधुसुदन अधिकारी | श्री छैमले साना किसान कृषि सहकारी संस्था, काठमाडौं | |
| १४. | श्री बलराम धिताल | गोलढुंगा कृषि फार्म, काठमाडौं | |
| १५ | श्री सुदिपा पौडेल | काभ्रे | |
| १६ | श्री सन्दिप पौडेल | काभ्रे | |
| १७ | श्री श्याम कुमार कठेत | गौमाता गाई फार्म, इलाम | |
| १८ | श्री गोपाल आचार्य | पंचामृत गाई फार्म, इलाम | |
| १९ | श्री चन्द्र मानन्धर | रामेछाप | |
| २० | श्री भानुभक्त श्रेष्ठ | रामेछाप | |
| २१ | श्री बुद्धि प्रसाद ढुँगेल | रामेछाप | |
| २२ | श्री दामोदर सुबेदी | रामेछाप | |
| २३ | श्री छत्र कार्की | रामेछाप | |
| २४ | श्री खोम प्रसाद गौतम | बुखेल दु. उ. स. संघ, ललितपुर | |
| २५ | श्री गोमा तिमल्सिना | इकुडोल दु. उ. स. संघ, ललितपुर | |
| २६ | श्री उपेन्द्र पोखेल | ब्याबसायिक पशुपालक नगर समन्वय समिति | |
| २७ | श्री नारायण ढुंगाना | किसान सहकारी ब्याबसायिक दुग्ध उत्पादक कृसक समाज | |
| २८ | श्री बोदराज पाठक | अन्नपुर्ण सहकारी संस्था | |

अनुसूची १०

## व्यवसायिक पशुपालन फार्म अनुदान बिबरण

**आ.व.२०७२/७३**

**प्रति फार्म रु : १,००,०००।००**

| क.स. | फार्मको नाम | सम्पर्क व्यक्ति | ठेगाना |
|---|---|---|---|
| १ | महालक्ष्मी गाई फार्म | बुढानिलकण्ठ, काठमाण्डौ | गीता थापा वस्नेत |
| २ | शिवराम कृषि फार्म | शंकरापुर ३, काठमाण्डौ | शिवराम लामिछाने |
| ३ | जनता बहुउद्येश्य एग्रिकल्चर फार्म प्रा.लि. | मध्य वानेश्वर, काठमाण्डौ | रीता मल्ल |
| ४ | मधुवन कृषि तथा पशुपालन फार्म | रविओपी ३, काभ्रे | दामोदर कोईराला |
| ५ | नमुना कृषि फार्म | तारकेश्वर १०, काठमाण्डौ | वलराम धिताल |
| ६ | श्री सुनदेवी अर्गानिक कृषि सहकारी सं.लि., | गजुरी १, धादिङ | गंगासागर नेपाल |
| ७ | नवभण्डारी गाई फार्म | रुपन्देही | वालानन्द भण्डारी |
| ८ | लाहाचोक कृषि फार्म | लाहाचोक ७, कास्की | ईमान ब. गुरुंग |
| ९ | सामुहिक वहुउद्देश्यीय कृषक समूह | टिकुलीगढ ४, रुपन्देही | ज्ञान प्रसाद भुर्तेल |
| १० | भद्रकाली कृषि सहकारी संस्था लि. | हात्तीगौडा, काठमाण्डौ | वसनारायण महर्जन |
| ११ | सिंहदेवी कृषि अनुसन्धान केन्द्र प्रा.लि. | चांगुनारायण १५, भक्तपुर | रामचन्द्र वोगटी |
| १२ | महामती अर्गानिक कृषि फर्म | अनन्त लिइगेश्वर, भक्तपुर | हरि शरण सिलवाल |
| १३ | कुशल कृषि फर्म | शंखु १, ललितपुर | सुवास चौलागाई |
| १४ | अमृतधारा गाईपालन कृषि फर्म | नांगलेभार, काठमाण्डौ | केशव प्रसाद दंगाल |
| १५ | दिप डेरी उद्योग एण्ड कृषि फर्म | धनगढी ८, कैलाली | दिपक व.खडका |
| १६ | जय गोरखकाली गाईपालन फर्म | लक्ष्मीवजार, गोरखा | राममाया वस्नेत |
| १७ | माता लक्ष्मी दुर्गा भवानी कृषि फार्म | रविओपी १, काभ्रे | जगन्नाथ ढुंगाना |
| १८ | सिर्जना कृषि गाई फर्म | झुम्का, सुनसरी | वावुराम ओझा |
| १९ | ग्रिन लिफ फार्म प्रा.लि. | जोरपाटी ५, काठमाण्डौ | हिरा ब. थापा |
| २० | चौधरी भैंसी फार्म | हरमानपुर ४, कपिलवस्तु | ओम प्रकाश कुर्मी |
| २१ | नाउत्त गाई फार्म | चन्द्रागिरी २२, काठमाण्डौ | उत्तम महर्जन |
| २२ | श्री प्रसिद्ध महिला कृषि सहकारी संस्था लि. | सांगाचोक ६, सिन्धुपाल्चोक | मैना खतिवडा |
| २३ | श्री कृष्ण गाई फार्म | रुद्रपुर ५, रुपन्देही | कृष्ण प्रसाद शर्मा |
| २४ | नेत्र गाइपालन फर्म | शारदानगर ४, चितवन | नेत्रलाल न्यौपाने |
| २५ | शर्मिला पशु तथा कृषि फार्म | मेलम्ची ७, सिन्धुपाल्चोक | सिताराम चालिसे |
| २६ | न्यू ईरा एग्रिकल्चर फार्म | लुभु, ललितपुर | भरत प्रसाद चापागाईं |
| २७ | लाली गुरांस गाईभैंसी तथा कृषि फार्म | शंखु २, ललितपुर | राम प्र. घिमिरे |
| २८ | पञ्चमुखी कृषि फार्म | सिर्सेकोट ९, स्यांग्जा | खगेश्वर पाण्डे |
| २९ | भण्डारी क्याटल फार्म | लेखनाथ १७, कास्की | शोभाकार भण्डारी |
| ३० | आश्रति पशु फर्म | ध्याल्चोक ५, गोरखा | वावुराम अधिकारी |
| ३१ | श्री कुंवर गाई फार्म | व्यास ६, तनहुं | पुष्पा कुंवर |
| ३२ | एकिकृत कृषि तथा गाई पालन फर्म | वनेपा २, काभ्रे | यदुनाथ गौतम |

| | | | |
|---|---|---|---|
| ३३ | गोरखकाली गाई फार्म | रत्ननगर ११, चितवन | किशोर वगाले |
| ३४ | आशिष पशुपालन फार्म | देवानगंज ३, सुनसरी | राजेश कु. मेहता |
| ३५ | रमादेवी व्यावसायिक पशुपालन फर्म | मोहनपुर, सप्तरी | ज्ञान प्रसाद पौडैल |
| ३६ | लक्ष्मी पशुपालन एण्ड कृषि फार्म | नगरकोट ५, भक्तपुर | दत्तु प्र. तिमिल्सेना |
| ३७ | घिमिरे कृषि फार्म | टुकुचानाला ५, काभ्रे | रेवती घिमिरे |
| ३८ | सिद्धिविनायक गाई फार्म | सोनपुर ८, दांग | कौशल अधिकारी |
| ३९ | देउती पशुपालन तथा दुग्ध उद्योग | बनकटवा ५ बांके | दिपकराज भण्डारी |
| ४० | रत्न चुडेश्वर गाईफार्म | टुकुचानाला ६, काभ्रे | कविता घिमिरे |
| ४१ | रमा कृषि तथा पशुपालन फार्म | टोखा १, काठमाण्डौ | रमा थापा |
| ४२ | हाम्रो वहुउद्देश्यीय अर्गानिक कृषि फार्म | पोखरा १७, कास्की | विदुर प्रसाद आचार्य |
| ४३ | वेलवोटे भण्डारी लाईभस्टक फार्म | सैनामैना ९, रुपन्देही | दिपेन्द्र भण्डारी |
| ४४ | लुम्विनी एकिकृत कृषि फार्म | कपिलवस्तु | रेशम लाल रेग्मी |
| ४५ | श्री शुक्लागण्डकी लाईभस्टक फार्म | शुक्लागण्डकी १०, तनहुं | मन्जु थापा |
| ४६ | पुष्पा कृषि फार्म | शंखु २, ललितपुर | माधव प्र. घिमिरे |
| ४७ | मनकामना पशुपालन केन्द्र | मकवानपुरगढी ९, मकवानपुर | अजुन प्र.तिमल्सीना |
| ४८ | जयनरी पशु विकास फर्म | गुञ्जननगर ४, चितवन | वेदप्रसाद पौडेल |
| ४९ | प्रकेति गाईपालन फार्म | कोहलपुर ११, बांके | शारदा कुमारी खत्री |
| ५० | घनलक्ष्मी बहुउद्देश्यीय कृषि फार्म | विराटनगर ५, मोरंग | धन कु. अधिकारी |

अनुसूची ११

## मिल्क एनालाइजर खरीदमा अनुदान पाउने संघ/संस्था

## आ.व. २०७२/७३

| क.सं. | नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | श्री तनहुं जिल्ला दुग्ध उत्पादक सहकारी संस्था लि, | व्यास ३, दमौली, तनहुं | |
| २ | शिव डेरी सप्लायर्स | रातामाटे १, नुवाकोट | |
| ३ | नेपाल डेरी प्रा.लि | धापाखेल २३, ललितपुर | |
| ४ | श्री इकुडोल दुग्ध उत्पादक सहकारी संस्था लि, | इकुडोल ७, ललितपुर | |
| ५ | जयमंगला दुग्ध उत्पादक सहकारी संस्था लि, | जयमंगला, चितवन | |
| ६ | श्री शंकरनगर दुग्ध उत्पादक सहकारी संस्था लि | शंकरनगर ४, रुपन्देही | |
| ७ | त्रिशक्ति दुग्ध उत्पादक सहकारी संस्था लि, | भरतपुर २५, चितवन | |
| ८ | कोसेली डेरी उद्योग | क.न.पा ३, सिन्धुली | |
| ९ | श्री रामेछाप दुग्ध संकलन विक्रि तथा चिस्यान केन्द्र | मन्थली २, रामेछाप | |
| १० | मालेपाटन कृषि सहकारी संस्था लि, | लेखनाथ १५, कास्की | |
| ११ | गजुरी डेरी उद्योग | गजुरी १, धादिंग | |
| १२ | औराहा पशुपालन कृषि सहकारी संस्था लि, | गढीमाई ४, बारा | |
| १३ | श्री दुम्सी दुग्ध उत्पादक सहकारी संस्था लि. | व्यास ५, तनहुं | |
| १४ | साना किसान कृषि सहकारी संस्था लि, | कावासोती १४, नवलपरासी | |
| १५ | श्री देवी पञ्चकन्या बहुउद्देश्यीय सहकारी संस्था लि, | रानीटार, काभ्रे | |
| १६ | सफल कृषक डेरी उद्योग | कोहलपुर ३, बांके | |
| १७ | पथरैया महिला साना किसान सहकारी संस्था लि | पथरैया ५, कैलाली | |
| १८ | मधु प्रकाश दुग्ध उत्पादक सहकारी संस्था लि, | मधुवन ७, सुनसरी | |

अनुसूची १२

**संस्था सुदृढीकरण अनुदान**

**आ.व..२०७२/७३**

| **क.स.** | **नाम** | **अनुदान रकम(रु)** |
|---|---|---|
| १. | केन्द्रिय दुग्ध सहकारी संघ | १०,००,०००। |
| २. | डेरी साइन्स एसोसिएसन | २,००,०००। |
| ३. | केन्द्रिय पशुपालन सहकारी संघ | ३,००,०००। |

अनुसूची १३

**साना तथा घरेलु दुग्ध उद्योगहरुको क्षमता विस्तारमा अनुदान**

**आ.व. २०७२/७३**

| **क .स.** | **नाम** | **ठेगाना** |
|---|---|---|
| १. | कन्हैया डेरी | मैतीदेबी, काठमाडौं |
| २. | बिन्धबासिनी डेरी उद्योग | बुढानिलकण्ठ, काठमाडौ |
| ३. | आँचल डेरी उद्योग | कैलाली |
| ४. | चिरञ्जिबी दुग्ध संकलन केन्द्र | मन्थली, रामेछाप |
| ५ | एच डि मिल्कस एण्ड बेभरेज इण्डष्ट्रिज | काठमाडौं |

अनुसूची १४

**HACCP, GMP तथा GHP सम्बन्धी अन्तक्रिया कार्यक्रम**

**बिषयः** "Awareness and Guidelines for Implementation of GMP, GHP and HACCP in Dairy Industries of Nepal"

मितिः २०७३।०३।०१

सहभागीहरुको बिबरण

| क्र.स | सहभागीको नाम, थर | सम्बन्धित संस्थाको नाम | सम्पर्क नं |
|---|---|---|---|
| १ | प्रो. डा. टिका बहादुर कार्की | काठमाडौं बिश्व बिद्यालय | ९८४१६२००३३ |
| २ | डि. बि कार्की | इन्टेग्रेटेड डेरी एण्ड एग्रो प्रोडक्टस प्रा लि | ९८४१३८१६८१ |
| ३ | सन्तोष पोखरेल | मोडर्न डेरी प्रा लि | ९८५१०६६८९२ |
| ४ | डा. रञ्जन कोइराला | सिताराम गोकुल मिल्कस् प्रा लि | ९८४११५३८०२ |
| ५ | कुल प्रसाद घिमिरे | संयुक्त डेरी प्रा लि | ९८५१०९४४५० |
| ६ | केशर प्रसाद लामिछाने | मोडर्न डेरी प्रा लि | ९८५१०८७९८५ |
| ७ | कमलराज हुमागाई | नब प्रभात डेरी प्रा लि | ९८५१००५२०४ |
| ८ | सन्तोषलाल श्रेष्ठ | कन्ट्री फड्स प्रा लि | ९८५१०४१८७३ |
| ९ | राजेन्द्र गोपाल श्रेष्ठ | सल्लाहकार, डि.आई. ए | ९८५१०७०९३२ |
| १० | रबि प्रसाद रिजाल | सामुहिक कृषक डेरी प्रा लि | ९८५११३७००७ |
| ११ | प्रबेश मुनाकर्मी | सञ्जिबनी डेरी उद्योग | ९८४००६८६०३ |
| १२ | सृजल कोजु | सञ्जिबनी डेरी उद्योग | ९८४१९१२६१० |

| | | | |
|---|---|---|---|
| १३ | कृति मानन्धर | काठमाडौं डेरी प्रा लि | ९८४९७१२२६२ |
| १४ | दिपेन्द्र थापा | नेपाल डेरी प्रा लि | ९८०७२२४१९४ |
| १५ | सन्तोष कोइराला | नेपाल डेरी प्रा लि | ९८४९३१६३३८ |
| १६ | सुजन सैंजु | सैंजु डेरी प्रा लि | ९८४१११४०६७ |
| १७ | प्रदिप महर्जन | काठमाडौं डेरी प्रा लि | ९८५१०३५४४७ |
| १८ | राम चन्द्र उप्रेती | एन एम सि डेरी प्रा लि | ९८५२६७२७०० |
| १९ | अरनिको राजभण्डारी | डि. आई.ए | ९८५१०४०५७२ |
| २० | राजकुमार दाहाल | डि. आई.ए | ९८५१०७३०९८ |
| २१ | कृष्ण प्रसाद बास्तोला | डि. आई.ए | ९८४१६१०६४९ |
| २२ | पुष्प राज बस्नेत | डि. आई.ए | ९८५१०९८३६८ |
| २३ | बिश्वराज बस्नेत | आधुनिक डेरी प्रा लि | ९८५१०३२१६५ |
| २४ | राजेश डि.सि | राष्ट्रिय दुग्ध बिकास बोर्ड | ९८४१२१५११५ |
| २५ | रबिन्द्र बिलास मरहठ्ठा | राष्ट्रिय दुग्ध बिकास बोर्ड | ९८४५३४१०९१ |
| २६ | राम चन्द्र थापा | तुलसा डेरी प्रा लि | ९८५१०४१९४९ |
| २७ | गजेन्द्र राई | सुजल डेरी प्रा लि | ९८०१२४०२४९ |
| २८ | बिश्व राम खड्का | खरिपाटी डेरी प्रा लि | ९८५१०४५५६२ |